नियम संख्या: ०१/०७५/०७६

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/०४/२४

# रामारोशन गाउँपालिका क्षेत्र भित्र कैलाश खोला र शाखा खोलामा असला माछा संरक्षण तथा मार्न नियमन गर्न बनेको नियम २०७५

रामारोशन गाउँपालिका

शान्तडा अछाम जिल्ला

७ नं. प्रदेश

प्रस्तावना:

नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक नियम बनाई रामारोशन गाउँपालिका क्षेत्र भित्र कैलाश खोलामा आफ्नै महत्व बोकेको स्थानीय असाला माछा संरक्षण गर्न आवश्यक महशुस गरी माछा मार्न नियमन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ दफा ५८ को अधिनमा रही रामारोशन गाउँ कार्यपालिकाको आ.व. ०७५/०७६ को दोश्रो बैठकले यो नियम बनाएको छ।

१.संक्षिप्त नाम र प्रारम्भ :(१) यो नियमको नाम रामारोशन गाउँपालिका क्षेत्र भित्र कैलाश खोलामा माछा संरक्षण र मार्न नियमन गर्न बनेको नियम, २०७५ रहेको छ।

(२) यो नियम रामारोशन गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागु हुनेछ।

२. परिभाषा : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियममा,-

(क) "नियम" भन्नाले रामारोशन गाउँपालिका क्षेत्र भित्रको कैलाश खोला र शाखा खोलामा माछा संरक्षण र मार्न नियमन गर्ने नियम, २०७५ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले रामारोशन गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले रामारोशन गाउँपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्छ।

(छ) "माछा" भन्नाले कैलाश खोला र यसका शाखा खोलामा पाइने असला देखि अन्य जातका माछालाई सम्झनु पर्नेछ।

(ज) "जाल" भन्नाले ८४ गेडीको २५२ आँखा भएको जाललाई सम्झनु पर्ने छ। साथै यस शब्दले साना आँखा भएको भुरेली जाललाई समेत जनाउने छ।

(झ) "पासा" भन्नाले माछा मार्ने उद्योगले प्लास्टिक, नाइलन वा अन्य धागो प्रयोग गरी बनाइएको माछा मार्ने पासोलाई सम्झनु पर्छ।

(ञ) "बल्छी" भन्नाले माछा मार्ने उद्योगले सानो वा ठुलो फलामको बल्छी बनाई माछा मार्ने उपायलाई सम्झनु पर्छ।

(ट) "जैविक विषदी" भन्नाले माछा मार्ने उद्योगले स्थानीय स्तरमा पाईने वनस्पतिहरु खिर्रो, इरु, मौओ, लाटे काफलका बोक्रा आदि प्रयोग गरी माछा मार्ने जैविक विषादीलाई सम्झनु पर्छ।

(ठ) "रासायनिक विषदी" भन्नाले माछा मार्ने उद्योगले रसायनिक विषादीहरु मेटासिट, फिनायल आदि प्रयोग गरी माछा मार्न प्रयोग गर्ने अवैध विषादीलाई सम्झनु पर्छ।

(ड) "फुग्रा" भन्नाले बाँस निगालो वा अन्य वस्तु प्रयोग गरी माछा मार्ने उद्योगले बनाइएको साना ठुला माछा मार्ने वस्तुलाई सम्झनु पर्छ।

(ढ) "दवालो" भन्नाले माछा मार्ने उद्योगले खोलाको पानीलाई नियमित बगिरहेको स्थानबाट अर्को स्थानमा स्थानान्तरण गरी माछा मार्ने उपायलाई सम्झनु पर्छ ।

(ण) "करेण्ट" भन्नाले माछा मार्ने उद्योगले खोलामा विद्युतिय सामाग्री प्रयोग गरी माछा मार्ने उपायलाई सम्झनु पर्छ ।

(त) "तिप" भन्नाले माछा मार्ने उद्योगले तल काठ र बासको प्रयोग गरी ठुलो भाड बनाई माथीबाट खोलाको पानीलाई एउटै स्थानमा केन्द्रित गरी खसालेर माछा मार्ने उपायलाई सम्झनु पर्छ ।

(थ) "हात दवाली" भन्नाले माछा बस्ने आँच पहिल्याई माछा निस्कने प्वालमा बुजो हालेर माछा मार्ने उपायलाई सम्झनु पर्छ ।

(द) "घन हान्ने" भन्नाले माछा वसेको ढुंगा माथि घनले हानेर माछा मार्ने उपायलाई सम्झनु पर्छ ।

(ध) "न्यायो" भन्नाले हिउदको महिनामा पानी भित्र खोर जस्तो बनाई भित्र पराल वा छवाली हालेर माछा मार्ने उपायलाई सम्झनु पर्छ ।

(न) "संरक्षण" भन्नाले यस नियममा जथाभावी अवैध तरिकाले माछा मार्न नदिनुलाई सम्झनु पर्छ ।

३. रामारोशन गाउँपालिकाको क्षेत्र भित्र कैलाश खोला र शाखा खोलामा माछा संरक्षण तथा मार्न नियमन गर्नका लागि यस नियममा निम्नानुसारका व्यवस्थाहरु गरिने छ ।

(क) रामारोशन गाउँपालिकाको क्षेत्र भित्र कैलाश खोला र शाखा खोलामा माछा मार्न इच्छुक उद्यमीहरुले दफा २ को उपदफा ज अनुसारको ८४ गेडी २५२ आँखाको जाल दर्ता गरिने छ र जाल दर्ता गर्ने व्यक्तिलाई माछा मार्ने अनुमति पत्र प्रदान गरिने छ । जाल दर्ता गर्दा, अनुमति पत्र दिदा र नवीकरण गर्दा लाग्ने शुल्क रामारोशन गाउँपालिकाको दफा ४ संग सम्वन्धित अनुसूचि ४ को महल २४ मा उल्लेख भएबमोजिम हुनेछ ।

(ख) रामारोशन गाउँपालिका क्षेत्र भित्र कैलाश खोला र शाखा खोलामा दफा २ को उपदफा ज को भुरेली जाल र झ देखि न सम्ममा उल्लेख गरिएका माछा मार्ने उपायलाई पुर्णरुपमा बन्देज गरिएको छ ।

४. रामारोशन गाउँपालिका क्षेत्र भित्र कैलाश खोला र शाखा खोलामा दफा ३ को उप दफा ख बमोजिम बन्देज गरिएका उपाय लगाई माछा मारेमा निम्नानुसारको दण्ड सजाय हुनेछ ।

(क) दफा २ को उपदफा ज को भुरेली जाल प्रयोग गरी माछा मारेमा जाल जफत गरी माछा मार्ने व्यक्तिलाई पहिलो पटक रु. ५००। (पाँच सय) दण्ड गरिने छ । यो अपराध पुन दोहरिएमा प्रत्येक पटक दोब्बर दण्ड हुनेछ ।

(ख) दफा २ को उपदफा झ देखि न सम्ममा उल्लेख भएको उपायले माछा मारेमा पहिलो पटक रु. ५००। (पाँच सय) दण्ड गरिने छ । यो अपराध पुन दोहरिएमा प्रत्येक पटक दोब्बर दण्ड हुनेछ ।

(ग) यस नियममा अन्त जेसुकै लेखिएको भएता पनि रामारोशन पर्यटन क्षेत्र भित्रका तालहरुमा माछा मार्न पुर्ण रुपमा बन्देज गरिने छ र यदि कसैले यस क्षेत्रमा माछा मार्ने कार्य गरेमा जनही १००००। (दश हजार) जरिवाना हुनेछ ।

****************